नेपाल सरकार
उर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय
**जलस्रोत तथा सिंचाइ विभाग**
# जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय-५
बुटवल,रुपन्देही

पत्र संख्या : ०७९/०८०
च.नं. :१३८

मितिः २०७९/०७/१५

**श्री बाणगङ्गा नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु ।**
**श्री बुद्धभूमि नगरपालिकाको कार्यालय, कपिलवस्तु ।**

बिषयः सार्वजनिक सुनुवाईमा उपस्थित भई राय/सुझाव उपलब्ध गराई दिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय ५, बुटवल रुपन्देहीद्वारा कपिलबस्तु जिल्ला, बाणगङ्गा नगरपालिकाको वडा नं. १,२,४,५,६,७,८; बुद्धभूमि नगरपालिकाको वडा नं. २,१० मा कार्यन्वयन गर्न लागेको बाणगंगा नदीको दायाँ र बायाँ दुवै किनारमा तटबन्ध निर्माण गर्न लागेको छ । उक्त योजनाको प्रारम्भिक वातावरणीय परीक्षण लागि सार्वजनिक सुनुवाई निम्न स्थान, मिति र समयमा गरिने भएको हुँदा सो कार्यक्रममा उपस्थित भई आफ्ना राय/सुझावहरू उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| प्रस्तावको व्यहोरा |
| --- |
| प्रस्तावित नदी लुम्बिनी प्रदेश नेपालको पश्चिमी भागमा अवस्थित छ। बाणगङ्गा नदीलाई मध्यम स्तरको नदीका रूपमा वर्गीकृत गरिएको छ जुन शिवालिक पहाडबाट उत्पत्ति हुन्छ। आयोजना क्षेत्रमा मनसुनको बाढीले नदीको किनारमा कटान, बाढी तथा डुबानको समस्या रहीआएको छ। यी समस्याहरुले खेतीजन्य जमिन, घरहरू र नदीको किनार नजिकै बसोबास गर्ने मानिसहरुको बहुमूल्य सम्पत्तिहरू लाई ठूलो क्षति पुऱ्याउदै आइरहेको छ। यी समस्याहरु नियन्त्रण गर्न आयोजनाले बाणगङ्गा नदीको दुबै किनारमा तटबन्ध निर्माण, Earthen Embankment, Bedbar, spurs/studs, Drain-Outlet Structure, Big Boulder Riprap को निर्माण गर्न लागेको छ। |
| क) **तटबन्धः** तटबन्धको औसत उचाइ श्रीङ्गीघाट सिंचाइ हेडवर्क (चेनेज-०+००० मि.) देखि लक्ष्मणघाट (चेनेज-११+७९०) सम्म १.५० मि. र लक्ष्मणघाट (चेनेज-११+७९० मि.) देखि भारतको नाका (चेनेज-४९+५०० मि.) सम्म ३.०० मि. र प्रस्ताव गरिएको छ। तटबन्धको माथिल्लो भागमा ग्राभेलिङ कार्य र पहुँचको लागि नदी किनारमा १००० मिटरको अन्तरालमा र ग्रामिण क्षेत्रमा ५०० मिटरको अन्तरालमा १९२ वटा माटोको र्याम्प प्रस्ताव गरिएको छ। |
| ख) **रिभेटमेन्टः** बाढीको बहावलाई deflect गर्न नमिल्ने नदीका भागहरूमा थप कटान रोक्न बोल्डर भरिएको ग्याबियन रिभेटमेन्ट प्रस्ताव गरिएको छ। Boulder filled hexagonal/ rectangular machine made gabions, ०.३ मि. बाक्लो रिभेटमेन्ट प्रस्ताव गरिएको छ। |
| ग) **बेड बारः** नदीको दुवै किनारमा २०० मिटर लम्बाइको ५ वटा बेड बार र १५० मिटर लम्बाइको ५ वटा बेड बार बाणगङ्गा न.पा.-४,८; बालापुर, दर्खासवा, बाणगङ्गा न.पा.-६ र बुद्धभूमि न.पा.- ९, बाणगङ्गा न.पा.-८, बाणगङ्गा र रमवापुर; बाणगङ्गा न.पा.- ६, झन्डा-७ र कोइली बनगाई, बाणगङ्गा न.पा.-६, झन्डा-७ र कोइली बनगाई, बाणगङ्गा न.पा.-२,८ श्रिंगीघाटमा प्रस्ताव गरिएको छ। |
| घ) **स्पर र स्टडः** नदीको दुवै किनारमा गरेर १३९ वटा स्टड/स्पर प्रस्ताव गरिएको छ। |
| ङ) **Drain Outlet Structure:** ७० वटा Anti Flood Sluice प्रस्तावित गरिएको छ। |

मिति : २०७९/०७/२२ गते मंगलबार
समय : बिहान ८ बजे
स्थान : बाणगङ्गा नगरपालिकाको सभाहल
बाणगङ्गा, कपिलबस्तु

..........................
(भावना पौडेल)
इन्जिनियर

फोन नं. ९७७ ०७१– ४२०४८७/ ०७१-४२०४९७ Email - *pep5bdwidp@gmail.com*
"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृध्दी र सुशासन"